आज मिति २०७७।०६।२७ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामुसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जप्रशी |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७०६।२७

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.९ र १० का सामाजिक सूरक्षा भत्ता कार्यक्रमका लाभग्राहीहरुको बैंक खाता लक्ष्मी विकास बैंक बर्दीवासबाट यसै न.पा. क्षेत्रभित्रका अन्य बैंकमा खाता खोल्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) आर्टिलरी तालिम शिक्षालय, धनुषाबाट हिमपाइप तथा डस्टविन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.को वडा नं.३ हरिहरपुरमा दिना रामभद्री मन्दिर उद्घाटनको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) थुप्तेन युवा क्लव, मि.न.पा. ११ बाट फुटवल प्रतियोगिता सञ्चालन गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) श्री हिमालय युवा क्लव, मि.न.पा.२ नक्टाझिजबाट खेलकुद सामाग्री खरिद गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट कार्यालय भवन निर्माण गर्न कम्तीमा एक विगाह जग्मा माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) जानकी युवा क्लव मि.न.पा.११ बाट खेलकुद सामाग्री माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) आयुर्वेदिक पद्धतिबाट उपचार शुरु गर्न वडा नं.२ स्थित राघोपुर टोलमा अधुरो कविर कुटि निर्माण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं.३ हरिहरपुरबाट प्रथम मेयर गोल्डकप क्रिकेट प्रतियोगिता सिजन २ कार्यक्रमको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.१ बाट क्रिकेट प्रतियोगिता आयोजनाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामबाट यस न.पा.को वडा नं.८ मा खानेपानी आयोजना संचालन गर्न विभिन्न संरचनाहरु निर्माण गर्न गराउन साथै उक्त आयोजना संचालनका लागि समन्वय गर्नको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) एसजेवीएन अरुण ३ पांवर डवलपमेंट कंपनी प्रा.लि. मध्यपुर थिमि नगरपालिकाबाट यस न.पा.को ढल्केवरमा बन्न गईरहेको सवस्टेशनको जग्गामा हाल रहेको बाटोमा प्रस्तावित नयां बाटो निर्माणको लागि निर्णय गराई दिनुहुन भनी अनुरोध भैआएको सम्बन्धमा ।

077/6/26

**बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ र १० का सामाजिक सूरक्षा भत्ता कार्यक्रमका लाभग्राहीहरुको बैंक खाता हाल सञ्चालनमा रहेको लक्ष्मी विकास बैंक बर्दीवासबाट अब उप्रान्त कार्यबोझको कारण यस न.पा.का लाभग्रागहीहरुलाई उक्त सेवा प्रदान गर्न असमर्थ रहेको भनी जानकारी गरेको हुंदा यस मि.न.पा. वडा नं.९ र १० का सामाजिक सूरक्षा भत्ता कार्यक्रमका लाभग्राहीहरुको बैंक खाता सञ्चालन गर्न यसै न.पा. स्थित श्री माछापुच्छ्रे बैंक लि. संग नियमानुसार सम्झौता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा आर्टिलरी तालिम शिक्षालय, धनुषाको मिति २०७७।०६।१२ को पत्रबाट हिम पइप र डस्टविन माग भएकोमा उक्त आर्टिलरी तालिम शिक्षालयलाई नगर सफाई शिर्षकबाट २० वटा डस्टविन उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.को वडा नं.३ हरिहरपुरमा दिना रामभद्री मन्दिर उद्घाटनको लागि श्री फूलदेव सादाले आर्थिक सहयोग माग गरेकोमा निजलाई उक्त कार्य गर्नको लागि विविध कार्यक्रम खर्च शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा थुप्तेन युवा क्लव, मि.न.पा. ११ को च.नं.११ मिति २०७७।०६।१८ को पत्रबाट मिति २०७७।०६।१९ देखि २०७७।०७।०६ सम्म फुटवल प्रतियोगिता सञ्चालन गर्न आर्थिक सहयोग माग भएकोमा उक्त क्लवलाई खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा श्री हिमालय युवा क्लव, मि.न.पा.२ नक्टाझिजबाट खेलकुद सामाग्री खरिद गर्न वडा नं.२ कार्यालयको च.नं.७०४ मिति २०७७।०६।१८ को पत्रबाट सिफारिस भै आएकोमा उक्त क्लवलाई खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवरको च.नं.३२८ मिति २०७७।०६।१२ को पत्रबाट कार्यालय भवन निर्माण गर्न कम्तीमा एक विगाह जग्मा माग भएकोमा उक्त ईलाका प्रहरी कार्यालयको भवन निर्माण गर्न यस न.पा.को वडा नं.८ स्थित सुखजोर पुलदेखि पश्चिम, महेन्द्र राजमार्गदेखि उत्तर र रमन आयल स्टोरदेखि पूर्व पर्ने स्थानमा अन्दाजी १०-१५ (दश-पन्ध्र) कट्ठा जग्गा उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा जानकी युवा क्लव मि.न.पा. ११ को च.नं. ४० मिति २०७७।०६।१५ को पत्रबाट खेलकुद सामाग्री माग भएको सम्बन्धमा उक्त क्लवलाई खेलकुद सामाग्री गरिद गर्न खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

0661६126

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. वडा नं. २ कार्यलयको च.नं.८३३ मिति २०७७।०६।२२ को पत्रबाट सिफारिस भए बमोजिम आयुर्वेदिक पद्धतिबाट उपचार शुरु गर्न वडा नं.२ स्थित राघोपुर टोलमा गाछी बाबाले त्यस क्षेत्रका असाहाय गरिब विपन्नहरुलाई आयुर्वेदिनक पद्धतिबाट उपचार गर्दै आइरहेको र त्यस स्थानमा अधुरो कविर कुटि निर्माण गर्न नगर मर्मत संभार कोषबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं. ३ हरिहरपुरको च.नं.५०७ मिति २०७७।६।२७ को पत्रबाट श्री जनता युवा क्लव मार्फत प्रथम मेयर गोल्डकप क्रिकेट प्रतियोगिता सिजन २ कार्यक्रममा आर्थिक सहयोग माग भएकोमा उक्त कार्यक्रमको लागि खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१४ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ को च.नं.६५३ मिति २०७७।०६।२७ को पत्रबाट उक्त वडाका युवाहरुले दशैं तिहारको उपलक्ष्यमा क्रिकेट प्रतियोगिता आयोजनाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा उक्त प्रतियोगिता आयोजना गर्न खेलकुद शिर्षकबाट रु.४०,०००।- (अक्षरेपी चालीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.१५ मा छलफल गर्दा संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामको च.नं.८० मिति २०७७।०६।०१ को पत्रबाट यस न.पा.को वडा नं.८ मा खानेपानी आयोजना संचालन गर्न विभिन्न संरचनाहरु निर्माण गर्न गराउन साथै उक्त आयोजना संचालनका लागि नियमानुसार खानेपानी सरसफाई उपभोक्त समति गठन गरिदिनु हुन साथै उक्त आयोजनाका लागि कम्तीमा ४ देखि ५ कट्ठा जग्गा उपलब्ध गराइदिनु हुन (निजि जग्गाको हकमा खानेपानी आयोजनाको नाममा दर्ता गराउनु हुन, एलानी जग्गाको हकमा न.पा.बाट जग्गा उपलब्ध गराइएको पत्र) लागि अनुरोध भएकोमा उक्त आयोजना संचालन गर्न वडा नं. ८ लाई उपभोक्त समिति गठन गर्न निर्देशन दिने र आयोजना संचालन गर्न यस न.पा.को वडा नं.८ स्थित सुखजोर पुलदेखि पश्चिम, महेन्द्र राजमार्गदेखि उत्तर र रमन आयल स्टोरदेखि पूर्व पर्ने स्थानमा अन्दाजी ४-५ (चार-पांच) कट्ठा जग्गा उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१२) एसजेवीएन अरुण ३ पांवर डवलपमेंट कंपनी प्रा.लि. मध्यपुर थिमि नगरपालिकाबाट यस न.पा.को ढल्केवरमा बन्न गईरहेको सवस्टेशनको जग्गामा हाल रहेको बाटोलाई प्रस्तावित नयां बाटो निर्माणको लागि निर्णय गराई दिनुहुन भनी अनुरोध भैआएको हुंदा उक्त एसजेवीएन अरुण ३ पांवर डवलपमेंट कंपनी प्रा.लि. अब नयां निर्माण हुने बाटो खुलाउदा कालोपत्रे (Black Pitch) सडक निर्माण हुने गरी स्वीकृत प्रदान गर्ने निर्णय पारित गरियो ।

०७७।६।२६